म.जि.प्र.का दर्ता नः
१04/0६७/0६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र


# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३0/0६९/0७0

वर्षः१६ अङ्कः- ४ २०८१ मंसिर ५ गते बुधबार 20 November 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-




## मेचि-महाकाली राष्ट्रिय उद्धार यात्रा

# सहयोगापेक्षी २२६ जनाको उद्दार



काठमाडौंमा एक सहयोगापेक्षी सडकमानवलाई उद्दार गरिँदै ।

समाज संवाददाता

हेटौँडाः मानवसेवा आश्रम र आनी छोइङ डोल्मा फाउन्डेसनले संयुक्तरुपमा आयोजना गरेको मेचि-महाकाली राष्ट्रिय उद्दार यात्रामा २ सय २६ जना सहयोगापेक्षी सडकमानवको उद्दार गरिएको छ । “चाडपर्वको बेला कसैले बस्न नपरोस् सडकपेटीमा” भन्ने उद्देश्यले यात्रा सुरु गरिएको थियो । असोज १६ गतेदेखि सुरु गरिएको सहयोगापेक्षी सडकआश्रित मानवहरुको मेचीमहाकाली राष्ट्रिय उद्दार यात्रा-२०८१ सोमबार काठमाडौंमा समापन गरिएको छ ।

कात्तिक २६ गतेसम्म आयोजना गरिएको यात्राको काठमाडौंमा प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा समापन गरिएको हो । २८ दिने उद्दार यात्राको विवरण सार्वजनिक गर्नुहुँदै आश्रमका संयोजक रामजी अधिकारीले एक सय ७९ जना पुरुषको उद्दार गरिएको जानकारी दिनुभयो । यस्तै ५७ महिला, ५ बालिका र ४ बालकको उद्दार गरिएको छ ।

कोशी प्रदेशबाट ३५ पुरुष र महिला गरी ४४ जना, मधेस प्रदेशबाट २९ पुरुष र ११ महिला गरी ४० जनाको उद्दार गरिएको छ । बागमती प्रदेशबाट ४० पुरुष र १७ महिला गरी ५७ जना, गण्डकी प्रदेशबाट २७ पुरुष र ८ महिला गरी ३५ जना, लुम्बिनी प्रदेशबाट ४० पुरुष र ९ महिला गरी ४९ जनाको उद्दार गरेका छन् । कर्णाली प्रदेशबाट २ पुरुष र एक महिला गरी तीन जना र सुदूरपश्चिम प्रदेशबाट ६ पुरुष र २ महिला गरी ८ जनाको उद्दार गरेको अधिकारीले जानकारी दिनुभयो ।

७ वटा प्रदेशका ४४ जिल्लामा पुगेर सहयोगापेक्षी सडकआश्रितहरुको उद्दार गरिएको मानसेवा आश्रमले जनाएको छ । काठमाडौं, झापा, पोखरा, हेटौंडा, सर्लाही, पर्वत लगायतका सहरहरुमा पुगेर उद्दार टोलीले सहयोगापेक्षी सडकआश्रितको उद्दार गरेका थिए । जसले सहयोगापेक्षी सडक मानवमुक्त राष्ट्र निर्माण एवम् घोषणा वर्ष सफल बनाउन सहयोग पुग्ने छ । २०८२ सालभित्र सडकमानवमुक्त राष्ट्र घोषणा गर्ने लक्ष्यसहित मानवसेवा आश्रमले अभियान सञ्चालन गरिरहेको छ । अभियानमा आनी छोइङ डोल्मा पनि सहभागी हुनुहुन्छ ।

## ‘बिहेवारी २० वर्षपारि’ नारामै सीमित

# रोकिएन किशोरी आमा बन्ने क्रम

जमुना तामाङ

हेटौंडाः नेपाल सरकारको नारा छ, ‘बिहेवारी २० बर्षपारि’ । तर, मकवानपुरमा बालविवाह हुने मात्रै होइन २० बर्ष नै नपुगी आमा बन्ने किशोरीहरुको संख्या उल्लेख्य रहेको पाइएको छ । हेटौँडा उपमहानगरले २०८०/८१ मा मात्र ४ सय २१ गर्भवती किशोरीहरुको निशुल्क गर्भ परीक्षण गरेको छ । यता २०८०/८१ सालमै २ सय ४५ किशोरीले हेटौंडा अस्पतालमा शिशुलाई जन्म दिएका छन् । विद्यालय तहदेखि नै बालविवाह गर्न हुँदैन भनेर शिक्षा दिइन्छ । गरिबी र अशिक्षाका कारण व्यवहारमा भने कार्यान्वयन हुन सकेको छैन ।

सोमबार मकवानपुरकी निस्मा ब्लोन हेटौंडा अस्पतालमा प्रसूति वार्डमा आउनुभयो । मकवानपुरगढी गाउँपालिका–३, मक्रान्चुलीकी २५ वर्षीया ब्लोनले अस्पतालमा आइपुगेको केही घण्टापछि शिशुलाई जन्म दिनुभयो । यसरी गाउँमै सुविधा सम्पन्न बर्थिङ सेन्टर




नहुँदा बागमती प्रदेशको राजधानीसम्म धाउन बाध्य हुनुहुन्छ निस्मा । उहाँले स्मरण गराउँदै भन्नुहुन्छ–२०७२ सालमा १६ वर्षको उमेरमै मकवानपुरगढीकै एक जना पुरुषसँग विवाह भयो । विवाह भएको केही महिनामै निस्माले छोरीलाई जन्म दिइन् । पहिलो सन्तान प्राप्त हुँदा निस्माको उमेर १६ वर्षको थियो । “अहिले तेस्रो सन्तानको रुपमा छोरालाई जन्म दिएकी छु । सानै उमेरमा विवाह गर्दा विभिन्न समस्याहरु झेल्नुपरेको भन्दै स्मरण गराउनुभयो । मंगलबार पनि १५ वर्षीया एक किशोरी हेटौंडा अस्पतालमा प्रसुती सेवा लिन आइपुगिन् । किशोरीकी परिवारले कुरा गर्न हिच्किचाए ।

हेटौँडा अस्पतालमा आर्थिक वर्ष २०७८/७९ मा २० वर्षभन्दा कम उमेरका २ सय ५५ किशोरी आमा बनेको हेटौंडा अस्पतालले जनाएको छ । आर्थिक वर्ष २०७९/८० मा २ सय ७६, आर्थिक वर्ष २०८०/८१ मा २ सय ४५ किशोरी आमा बनेको हेटौंडा अस्पतालका मेसु डा. रामचन्द्र सापकोटाले जानकारी दिनुभयो । २०८१ सालको साउनमा मात्र २६ जना, भदौमा १९ जना र असोजमा १२ जना किशोरी आमा बनेका छन् । हेटौँडा उपमहानगरपालिकाको जनस्वास्थ्य महाशाखाका प्रमुख भोला चौलागाईंले बाहिरी जिल्लाबाट पनि हेटौँडा अस्पतालमा सेवा लिन आउने भएकोले आमा बन्ने किशोरीको संख्या बढी देखिएको हुन सक्ने बताउनुभयो ।

हार्दिक बधाई



उपयोगी सहस्राब्दी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६औं वार्षिक साधारणसभाबाट सर्वसम्मत निर्वाचित अध्यक्ष दिनेश विडारी, उपाध्यक्ष यज्ञबहादुर आचार्य, सचिव रामेश्वर नगरकोटी, कोषाध्यक्ष लक्ष्मी मैनाली, सदस्य अर्जुनबहादुर मिश्र, रिता सिवाकोटी बर्तौला, विशालदीप कप्रौला, लक्ष्मी पुडासैनी र रामेश्वर फुयाँल, लेखा सुपरीवेक्षण समिति संयोजक पवन पण्डित, सदस्य रविन मिश्र र रञ्जिता केसीलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

व्यवस्थापक
एवम् उपयोगी सहस्राव्दी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौँडा-११, मकवानपुर

एस्ट्रोनोभा फाउन्डेशन नेपाल
तथा, हेटौडा अनुसन्धान तथा आबिष्कार केन्द्र
हेटौडा -०५, लट्टिनाथ मार्ग,मकवानपुर,नेपाल

**STEAM प्रशिक्षक प्रशिक्षण तालिमको लागी दरखास्त आव्हान**

१. एस्ट्रोनोभा फाउन्डेशन नेपाल, मुनाफा वितरण नगर्ने सामाजिक संस्था,ले काठमाण्डौ विश्वविद्यालय स्कुल अफ एजुकेशन(KUSoED) को सहकार्यमा हेटौडामै पहिलो पटक सन्चालन गर्न लागेको STEAM प्रशिक्षक प्रशिक्षण तालिमको लागि विभिन्न संकायमा स्नातक तह वा सो भन्दा माथि अध्ययन गरिरहेका वा शिक्षण पेशामा काम गरिरहनु भएका उम्मेद्वारहरुको लागि दरखास्त आव्हान गरिएको छ । देहाएका योग्यता पुगेका नेपाली नागरिकले एस्ट्रोनोभा फाउन्डेशनको आधिकारिक वेबसाईट www.astronovafoundation.com मार्फत अथवा कार्यालयमा सम्पूर्ण कागजात सहित स्वयम् उपस्थित भएर दरखास्त फारम भरि आवेदन दिन आव्हान गरिन्छ ।

(पहिलो पटक प्रकाशित मिति २०८१ मङ्सिर ५ गते )

२. आबश्यक संख्या :

| सि.नं | विज्ञापन नं. | पद | शैक्षिक योग्यता | आवश्यक संख्या |
|---|---|---|---|---|
| १. | ०८१/८२/०१ | STEAM प्रशिक्षक | बि.एड, बिए, बिएस्सी सिएस आईटि, बिसिए,बि.एस्सी फरेष्ट्रि, बिबिएम बिबिएस, बिबिए, बिआईएम, बिआईसिटिई, बिएस डब्ल्यु,बिएस्सी,कृषी विज्ञानमा स्नातक तह वा सो भन्दा माथी पास वा मान्यता प्राप्त संस्थामा भर्ना भएको | १० जना |
| २. | ०८१/८२/०२ | STEAM संयोजक्/सहायक | सिभिल, मेकानिकल, ईलेक्ट्रिकल, अटोमोवाईल, केमिकल ईन्जिनियरिङमा स्नातक तह वा सो भन्दा माथी पास वा मान्यता प्राप्त संस्थामा भर्ना भएको | २ जना |
| ३ | ०८१/८२/०३ | ASP सहायक | कुनै पनि शैक्षिक क्षेत्रमा स्नातक तह वा सो भन्दा माथी उतिर्ण | २ जना |
| ४. | ०८१/८२/०४ | अनुसन्धान सहायक | कुनै पनि शैक्षिक क्षेत्रमा स्नातक तह वा सो भन्दा माथी उतिर्ण तथा अनुसन्धानमा ईच्छा भएको | १ जना |
| | | | जम्मा | १५ जना |

**३. तालिमका विशेषताहरुः**
- यस STEAM प्रशिक्षक प्रशिक्षण तालिम ६ महिना अवधीको रहनेछ ,जुन ४८ घण्टा र ३ क्रेडिट बराबरको हुनेछ|
- तालिम भौतिक र अनलाईन दुबैको माध्यमबाट सन्चालन गरिने छ जसमा पहिलो १६ घण्टा भौतिक रुपमा सँस्थाको कार्यालयमा, दोस्रो १६ घण्टा अनलाईनको माध्यमबाट र अन्तिम १६ घण्टा काठमाण्डौ विश्वविध्यालयमा हुनेछ |
- तालिम सैदान्तिक भन्दा व्यबहारिक सिकाईमा केन्द्रित हुनेछ|
- तालिम पश्चात तालिमको सर्टिफिकेट काठमाण्डौ विश्वविध्यालयले प्रदान गर्नेछ|
- प्रशिक्षकहरुलाई तालिम पश्चात सतप्रतिशत आंसिक वा पुर्ण रोजगारीको अवसर प्रदान गरिनेछ |
- तालिम सम्पन्न भएपछि शिक्षक प्रशिक्षक, STEAM प्रशिक्षक लगाएतका अन्य क्षेत्रमा सजिलै रोजगारी पाउन सकिने |
- कुनै शैक्षिक संस्थामा अध्यापन गराईरहनुभएका शिक्षकहरुले पनि तालिममा सहभागी हुन सक्ने|
- तालिम लिदै गर्दा पनि जागिर खान सकिने र आम्दानी गर्न सकिने |

**४.योग्यता**
- ११ वा १२ मा कम्तिमा पनि ५० प्रतिशत र स्नातक वा सो भन्दा माथी सम्पूर्ण विषयमा उतिर्ण भई कम्तिमा ५० प्रतिशत नतिजा भएको हुनपर्नेछ. हाल पढ्दै गरेका उम्मेद्वारहरुको हकमा भने अन्तिम बर्षसम्मको सम्पूर्ण परिक्षामा उतिर्ण भएको हुनपर्ने।

**५. आवेदन दिने प्रकृया**
- आवेदन दिन ईच्छुक उम्मेद्वारहरुले एस्ट्रोनोभा फाउन्डेशनको आधिकारिक वेबसाईट www.astronovafoundation.com मार्फत अथवा कार्यालयमा सम्पूर्ण कागजात सहित स्वयम् उपस्थित भएर दरखास्त फारम भरि आवेदन दिन सक्नेछन ।

**आवश्यक कागजातः**
- नागरिकताको सक्कल प्रतिलिपी
- शैक्षिक योग्यताको प्रमाणपत्र
- व्यक्तिगत विवरण(Resume)

**६. छनोटको प्रकृया :**
- लिखित तथा अन्तर्वाताको माध्यमबाट छनोट गरिने छ।

**७.तलब :**
- तालिम पश्चात तालिममा नियमित र राम्रो प्रदर्शन गर्ने विध्यार्थीहरुलाई प्रतिमहिना ३०-५० हजारको तलब सुविधा प्रदान गर्न सकिने छ ।

**८.कोर्स शुल्कः रु.३०,०००/-**
(नोटः विध्यार्थीहरुले भर्नाको समयमा १० हजार जम्मा गर्न पर्नेछ र बाँकि रकम जागिर सुनिश्चित भएपछि तिर्न पाईने तर कार्यरत शिक्षकहरुको लागी यो लागु हुनेछैन् )

**९. आवेदन दिने अन्तिम मितिः** २०८१ साल मङ्सिर १७ गते सम्म

नोटः विध्यालयहरुले पनि आफ्ना शिक्षकहरुलाई यस तालिममा सहभागी गराउन सक्नेछन )

थप जानकारीको लागिः
एस्ट्रोनोभा फाउन्डेशन नेपाल
तथा, हेटौडा अनुसन्धान तथा आबिष्कार केन्द्र
४४१००,लट्टिनाथ मार्ग(पुष्पलाल पार्क नजिकै), हेटौडा उप-महानगरपालिका, मकवानपुर
फोन नं. (+९७७)९८५५०२८३६९,९८५५०२७३६९
ईमेलः info.astronovafoundation@gmail.com/astroinf369@gmail.com
वेवसाईटः www.astronovafoundation.com

# 'सामाजिक चेतना लागि समाचारपत्र'

सचिन कुमार यादव

**(निबन्ध)**




*पुरस्कार ग्रहण गर्दै सचिन कुमार यादव ।*

सामाजिक चेतना भनेको समाजका विभिन्न समस्याहरु, मुद्दाहरू र चुनौतीहरूप्रति व्यक्तिको जागरुकता र संवेदनशीलता हो । हाम्रो समाजमा विभिन्न विकृति तथा समस्याहरु रहेका हुन्छन् । ती समस्याहरुप्रति हामी नागरिक सचेत हुनु आवश्यक देखिन्छ । साधारण शब्दमा भन्दा समाजप्रति सजग भई सुधारमा सहभागी हुनु नै चेतना हो । त्यसैगरी समाचारपत्र भनेको एक मुद्रित वा डिजिटल माध्यम हो । जसले दैनिक, साप्ताहिक प्रकारका समाचार, विचार तथा विश्लेषणहरू प्रकाशित गर्छ । यो समाचारमा आधारित एक प्रकाश हो । यो विश्वकै भरपर्दो लिखित समाचारको माध्यम हो । नेपालको पहिलो राष्ट्रिय दैनिक समाचारपत्र भनेको गोरखापत्र राष्ट्रिय दैनिक हो । समाचारपत्रको मुख्य उद्देश्य भनेकै विश्वका समाचार प्रकाशित गरी जनतालाई जागरुक बनाउनु हो । समाचारपत्रले सामाजिक विकृति अन्त्य गरी चेतना फैलाउनुमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । उदाहरणका लागि महिला हिंसा, बालश्रम, गरिबी तथा स्वास्थ्य समस्याका बारेमा समाचारपत्रले लेखहरू प्रकाशित गर्दै यसतर्फ समाजको ध्यान आकर्षित गरेको छ । समाचारपत्रले अन्धकारको बीचमा दियो बाल्ने कार्य गर्दछ जसले विश्व समाज र मानिसको भविष्य नै चम्किलो पार्दछ ।

समाचारपत्र समाजको दर्पण हो । यो हाम्रो दैनिक जीवनको हिस्सा बनिसकेको छ । यो समाजको ऐना हो । जसले समाजमा भएका घटनाक्रम सुधार तथा चुनौतिलाई उजागर गर्छ । उदाहरणका लाग समाचारपत्रले महिला हिंसा र यौन शोषण विरुद्ध रिपोर्ट गरेपछि यसको खिलाफ आवाज उठाउने, कानुनी व्यवस्था सुधार गर्ने आवश्यक दबाब उत्पन्न हुन्छ । यसले समाजका हरेक तहका व्यक्तिलाई समाचारको पहुँच पुऱ्याउँछ । जसले गर्दा उनीहरूमा नयाँ सोच र दृष्टिकोणको विकास हुन्छ । समाचारपत्र पढ्नाले मानिसहरूलाई उनीहरूको समुदायमा विभिन्न संस्कृति तथा घटनाबारे जानकारी प्राप्त हुन्छ । समाचार पत्रले विभिन्न शैक्षिक कार्यक्रम तथा तालिम प्रकाशित गरेर जनतालाई सचेत पार्छ । यसले समाजमा रहेका भ्रष्टाचार, अपराध, अन्याय जस्ता नकारात्मक घटनालाई सार्वजनिक गर्छ र सुधारका लागि सुझाव दिन्छ । सरल भाषामा भन्दा यसले नीतिगत सुधारका लागि दबाब दिन्छ । यसले खबर मात्र दिन्छ भन्ने होइन कि समाजमा भएका सफल व्यक्तिहरू र उनीहरुको योगदानको बारेमा प्रकाशित गरेर जनतालाई प्रोत्साहित गर्छ । समाचारपत्रले मानिसमा भएको कुसंस्कार, तथा रुढिवादीलाई हटाउँछ ।

नेपालमा प्रकाशन भइरहेका समाचारपत्र जस्तै गोरखापत्र राष्ट्रिय दैनिक, कान्तिपुर राष्ट्रिय दैनिक आदिले सामाजिक चेतना फैलाउँदै आएको छ । उदाहरणका लागि मलेरिया, डेंगु तथा अन्य संक्रामक रोगहरुको बारेमा जनचेतना फैलाउनु, स्वास्थ्य परीक्षण तथा औषधी सेवनका महत्वपूर्ण सन्देशहरु समाचारपत्रले प्रदान गरेको छ । कोरोना महामारीको बेलामा मास्क लगाउने, दुरी कायम राख्ने तथा स्वस्थ बस्ने तरिका बारे समाचारपत्रले महत्वपूर्ण चेतना प्रदान गरेको थियो । नेपालका समाचारपत्रहरू प्रायःगरी बालअधिकार, महिला अधिकार, शिक्षा र वातावरण संलग्न भएको छ । आवश्यक परेको खण्डमा समाचारपत्रले समाज सुधारका लागि स्थानीय सरकार र नागरिकको ध्यान आकर्षित गर्ने कार्य पनि गर्दछ । समाचारपत्रले नागरिकलाई मतदान गर्ने तरिका तथा आफ्नो कार्तव्यप्रति चेतना दिँदै आएको छ । सरकारी अनियमितता, भ्रष्टाचार आदिका बारेमा लेखहरू प्रकाशित गर्दै चेतना प्रदान गरेको छ । त्यसैगरी पर्यावरणीय सन्तुलन, फोहोर व्यवस्थापन, सम्पदा संरक्षण आदिका बारेमा सम्पादकीय प्रकाशित गरेर चेतना फैलाएको छ । साथै विश्वमा भएको अशान्त तथा युद्धको विरोध गर्दै शान्त रहने सचेतना प्रदान गरेको छ । अहिलेको समयमा युवाहरू विदेशिने क्रम बढ्दो छ । यस समयमा विदेशिनुका कारण बारे लेखहरु प्रकाशित गरेर सरकारको ध्यान आकर्षित गर्ने र युवालाई स्वदेशमा बस्न प्रोत्साहित गरेको छ । यसै क्षेत्रमा रोजगारीको सिर्जना गरेर विदेशिनु हुँदैन भनेर चेतना प्रदान गरेको छ । समाचारपत्रले समाजका अल्पसङ्ख्यक, दलित वर्ग आदिका लागि पनि आवाज उठाउँदै आएको छ ।

समाचारपत्रले स्थानीय सरकार तथा वडा लगायत नागरिकको ध्यान आकर्षित गर्छ र भविष्यमा समेत जागरुक बनाउँछ भन्ने कुरा हालै प्रकाशित एउटा खबरबाट पुष्टि हुन्छ । यो खबर कात्तिक २७ गते साझाकुरा राष्ट्रिय दैनिक समाचारपत्रमा छापिएको थियो । हेटौंडा-१५ का १८ महिनाको बालक आरोन स्याङ्तानको मलद्वार नभएको र उसको अवस्था नाजुक बनेकाले स्थानीय सरकारले बैठक बसाउनु पऱ्यो र उक्त बैठक अनुसार त्यस बालकको उपचार गर्न सम्पूर्ण खर्च व्यहोर्ने हेटौंडा उपमहानगरपालिकाले प्रतिबद्धता जारी गरेको छ । यसो हुँदा नगरभरका मानिसमा चेतना बढ्छ । उनीहरूको हौसला बढ्छ । यस्तो समस्याको पनि समाधान हुन्छ भनेर हरेक गरिबले पनि थाहा पाउँछ । उनीहरू आफ्नो अधिकार तथा हकप्रति सचेत हुन्छ । नेपालमा सन् २०१५ मा आएको भूकम्प र त्यसपछिको महामारीको बेला राहत र पुनर्निर्माण गर्नुमा समाचारपत्रले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । समाचार पत्रमा यातायात दुर्घटना, सामाजिक विकृति तथा झगडा बारे प्रकाशित गरिएको हुन्छ । जसले जनतालाई सामाजिक एकताको महत्व, यातायात दुर्घटना नियन्त्रण आदि बारे सचेत पार्छ । त्यसैगरी समाचारपत्रमा शुद्ध खानेपानी, वन्यजन्तु संरक्षण आदिका बारेमा लेख तथा टिप्पणी प्रकाशित गरिएको हुन्छ । जसले मानिसलाई सम्बन्धित क्षेत्रमा चेतना प्रदान गर्दछ । साथै समाचारपत्रमा मिठा कविताहरू गजलहरू हुन्छन् जसले मानिसलाई सोच्न बाध्य बनाउँछ ।

बजार अनुगमनको नतिजा, विज्ञान तथा प्रविधिको नयाँ उपकरण तथा योगदान बारे जनतालाई सचेत गर्छ । तर अहिलेको बढ्दो आधुनिकीकरणले गर्दा समाचारपत्र पढ्ने बानी हराएको छ । यो हाम्रो समाजको ठूलो चुनौती हो र यसको समाधान गर्न हामीले समाचारपत्र पढ्नै पर्छ । सबैले पढ्न नसके पनि पढेका कुरा समय मिलाएर साटासाट गर्न सकिन्छ । म एक विद्यार्थी हुँ । एक विद्यार्थीको हैसियतले समाचारपत्रको कार्य प्रभावकारी बनाउन विद्यार्थीले महत्वपूर्ण भूमिका खेल्न सक्छ । जस्तै विद्यार्थीले आफ्नो प्रतिभाद्वारा समाचारपत्रको महत्व बढाउन सक्छ । असल चरित्र वर्णन गर्ने चित्रलाई प्रकाशित गराएर मानिसमा चेतना फैलाउन सक्छ । साथै विभिन्न कविता तथा लेखहरुलाई प्रकाशित गराएर मानिस माझ जनचेतना फैलाउन सक्छ । यसो हुँदा स्वतः विद्यार्थी पनि आफ्नो कृति प्रकाशित भएकोमा खुसी हुन्छन् र असल चेतनाको विकास गर्छन् ।

हामीले समाचारपत्र सजिलै प्राप्त गर्न सक्छौं । यसका लागि कुनै इन्टरनेट तथा मोबाइलको आवश्यकता पर्दैन । यसले सत्य र तथ्य समाचार दिन्छ । तर आजकल पैसाको लोभले झुटो समाचार प्रकाशित भएको सुनिन्छ । यस्तो समाचार पत्र धेरै टिक्दैन र यस माथि कारबाही पनि हुन्छ । समाचारपत्रले पनि व्यक्तिको चरित्र हत्या हुने र भ्रामक समाचार प्रकाशित गर्नुभएन । समाज सुधार र विकासका लागि सामाजिक चेतना आवश्यक हो । यो केवल व्यक्तिको भनाइको कुरो होइन कि समाजका समग्र समस्याहरु समाधान गर्न महत्वपूर्ण छ भने यो सामाजिक चेतना फैलाउन समाचारपत्रको भूमिका पनि त्यत्तिकै महत्वपूर्ण छ । जब नागरिक जागरूक हुन्छन् तब मात्रै समाज विकास हुन्छ । जस्तो कि अमेरिकाको राष्ट्रपति अब्राहम लिंकनले भनेका छन्, "समानता र न्यायका लागि आवाज उठाउने नागरिक नै साँचो नायक हो ।" समाचारपत्रले पनि यसै प्रकार चेतना फैलाएर सशक्त नायक बन्न प्रोत्साहित गर्छ । अतः समाजिक चेतना फैलाएर समाज र जनताको भलाई गर्ने कार्यमा समाचारपत्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

कक्षा-१०, सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी, हेटौंडा-१०

(समृद्ध समाज राष्ट्रिय दैनिकको १५औं वार्षिकोत्सवको अवसरमा २०८१ कात्तिक ३० गते आयोजना गरिएको 'सामाजिक चेतनाका लागि समाचारपत्र' शीर्षकको स्थलगत निबन्ध लेखन प्रतियोगितामा सहभागी भई प्रथम स्थान हासिल गर्न सफल निबन्ध ।)

## चित्रकला







**सवनम खातुन**
**कक्षा-८, श्रमिक माध्यमिक विद्यालय, हेटौंडा-४**





**सुयोग श्रेष्ठ**
**कक्षा-५, ब्रम्हदिक् एकेडेमी हेटौंडा-४**

# उड्ने क्षेपारो




**(सिफारिस: भाइबहिनीका किताब)**

लेखक: डा. विमलकुमार सुवेदी
चित्र: सुरेन्द्र महर्जन

प्रकाशक: कथालय इन्क
मूल्य: रु. १४०/-
उमेर समूह: १० बर्षदेखि १४ बर्षसम्म ।

'उड्ने क्षेपारो' किताबको नाम नै कस्तो रमाइलो । किताबको नाम पढेर भाइबहिनीहरुलाई यो किताब कस्तो होला भन्ने लागेको होला । नाम जस्तै यो किताब पनि रोचक छ अनि ज्ञानबर्द्धक पनि ।

उड्ने क्षेपारो अहिलेको कथा भने होइन । यो त आजभन्दा साढे छ करोड बर्षअघिको पृथ्वीको कथा हो जतिबेला हामीजस्ता मानव त पृथ्वीमा उत्पत्ति नै भएका थिएनौं । डाइनोसर भनिने अजङ्गका शरीर भएका जीवहरु पृथ्वीमा जताततै थिए । त्यो समयको आकाशमा अहिलेका जस्ता जुरेली, सारौं, मैना, परेवा, ढुकुरहरु उड्दैनथे । त्यतिबेला त आकाशमा उड्ने पनि हेर्दै पहाडजस्ता ठुल्ठुला टेरासोर भनिने क्षेपाराहरु हुन्थे । तिनैमध्येकी एक तृष्णा नाम गरेकी पोथी छेपारोले यो किताबमा भाइबहिनीलाई क्रेटेसस् युगका डाइनोसरहरुका जीवनकथा सुनाउनेछिन् ।

त्यति धेरै अघिको समयमा अहिले पृथ्वीबाटै लोप भइसकेका डाइनोसरहरु कसरी बाँच्थे होलान् ? हामीले डाइनोसर भनेर चिन्ने गरेका प्राणीहरु कस्ता-कस्ता थिए होलान् ? उनीहरु अहिले कता छन् होला ? यस्ता थुप्रै खुल्दुलीको जवाफ उड्ने क्षेपारोमा भेटिन्छ । तृष्णाले हामीलाई डाइनोसरको युग कसरी समाप्त भयो भन्ने पनि बताउने छिन् । अँ साँच्ची, संसारबाट डाइनोसरहरु लोप हुँदै गर्दा तृष्णालाई चाहिँ के भयो होला है ?

डा. विमलकुमार सुवेदीले लेख्नुभएको यो किताब ४ कक्षादेखि ८ कक्षासम्मका भाइबहिनीका लागि बढी उपयोगी हुन्छ । यसमा सुरेन्द्र महर्जनले बनाउनुभएका डाइनोसरका चित्रहरु पनि छन् । कथालय इन्क, काठमाडौंले छापेको यो किताब हेटौंडाका भाइबहिनीले भैरबरोडमा रहेको किताबघरबाट प्राप्त गर्न सक्नुहुनेछ ।

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**



**सम्पादक**

# ऐँठन



स्नेहा सिंह

**पुस्तक समीक्षा**

लेखक: विवेक प्रकाश ओझा
विधा: उपन्यास
प्रकाशक: सांग्रिला मिडिया ग्रुप प्रालि
पृष्ठ संख्या: ३८०

**परिचय**: ऐँठन उपन्यास विवेक ओझाद्वारा लिखित मदन पुरस्कार प्राप्त नेपाली भाषाको कृति हो । यो विवेक ओझाको तेस्रो कृति हो । जसले युद्ध र युद्धका प्रभावका बारेमा विश्लेषण गरेको छ । युद्धबन्दीका दुःख र सङ्घर्ष बारेमा यस उपन्यासमा वर्णन गरिएको छ ।

विश्लेषण तथा समीक्षा: ऐँठन उपन्यासको मूल कथा युद्धबन्दी वरिपरि घुम्छ । विवेक ओझाले उपन्यासमा युद्ध र युद्धबन्दीको कथाको बेलिविस्तार गरे तापनि युद्धरहित समाज निर्माण गर्ने कुरामा अझै केन्द्रित हुनुपर्छ । युद्धले सकारात्मक परिणाम पनि ल्याएका उदाहरणहरु छन् ।

यस उपन्यासमा युद्धको कुरा धेरै प्रकट भएको छ । उत्तम भाषा-शैली र कथा प्रस्तुतीकरण प्रशंसनीय छ । द्वन्द्व भइरहेको समाजमा दुई ध्रुव खडा हुन्छ । विचार तथा भावना पनि अल्पसंख्यक हुन्छ । त्यसैले एकै पक्षको विवेचना राम्रो लागेन । समाजमा न्याय शान्ति र समृद्धिका लागि युद्ध पनि आवश्यक रहन्छ भन्ने कुरा उपन्यासमा पाइएन । मानवीय संवेदना सजिलै पगाल्न सक्ने ओझाको लेखनशैली उत्कृष्ट रहेको छ ।

अन्तिममा भने अस्पतालबाट भागिसकेपछि यो कथा सकिए झैं लाग्छ तर पनि ओझाले तन्काएको यो खण्ड समग्र पात्रहरूको सार रहेको छ । जनताको अवस्था, लामो बलिदान पश्चातको जीवन नफेरिनु, युद्धका उपलब्धिको अवसर केही सीमित व्यक्तिले मात्र प्राप्त गर्नु आजको राजनीतिक अवस्थाको प्रतिनिधिमूलक घटना मात्र नभई सभ्यता हो । तर पनि युद्धका वास्तविक घटना र शान्तिपूर्ण समाज निर्माणमा पनि युद्धको भूमिकाबारे अझै लेख्नुपर्ने हुन्छ । आम नागरिकको नजरबाट भन्दा युद्धका कैदीका नजरबाट उपन्यास केन्द्रित हुँदा अझै प्रभावकारी हुने थियो ।

*कक्षा-८, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# विद्यार्थी परिचय



**युना आचार्य**
**विद्यालयः जीएस निकेतन**
**कक्षा-८**

युना आचार्य हेटौंडा-५ स्थित ज्ञानदीप शिक्षा (जीएस) निकेताको कक्षा ८ मा पढ्नुहुन्छ। युना प्राथमिक तहदेखि नै जीएस निकेतनमा अध्ययन गरिरहनु भएको छ। युनाको घरमा आमा, बुबा र बहिनी हुनुहुन्छ। युनाको बुवा गाडि चालक हुनुहुन्छ र आमा सीप सिक्दै हुनुहुन्छ। युनाको बहिनी सानो कक्षामा अध्ययन गर्दै हुनुहुन्छ।

युनाले घरमा सानो-सानो काम गरेर सघाउने गर्नुहुन्छ। खाना बनाउने, सरसफाई गर्ने काम गर्नुहुन्छ। युनालाई मन्दिर जान मन पर्छ। मन्दिरको कथा सुन्न जाने गरेको बताउनुहुन्छ। खाली भएको समयमा युना मन्दिर नै जाने गरेको बताउनुहुन्छ। युना टोलको बाल समूहमा पनि आवद्ध हुनुहुन्छ। युना बाल समूहको अध्यक्ष हुनुहुन्छ। बाल समूहले विभिन्न क्रियाकलाप गराउने गरेको बताउनुहुन्छ। युनाले भविष्यमा असल कार्य गर्ने योजना रहेको बताउनु भएको छ। साथै युना वकिल बन्ने लक्ष्य रहेको बताउनुहुन्छ। युनालाई नयाँ-नयाँ कुरा खेज्न मन लाग्छ। वैज्ञानिकहरुको जस्तै नयाँ नयाँ अनुसन्धान गरेर मनोरञ्जन गर्ने गरेको बताउनुहुन्छ।

# नदी



**✍सरोजप्रसाद साह**

जीवनदायिनी नदीलाई हेर
यसमा कहाँ अभिमान छ



कर्मयोगमा मग्न यो नदी
लक्ष्य नै पूर्णविराम छ

निरन्तर जल बगिरहेछ
नदी कति जिम्मेवार छ
नदीको बाटो पानी बनाउँछ,
विचित्र यो संसार छ

पानीभन्दैं प्राण बगिरहेछ
यो जीवन नदी समान छ
हे नदी ! मलाई सँगै बगार,
यो यात्रा मलाई स्वीकार छ

भूक्षय-बाढी प्रचण्ड रूप हेर,
मानिस स्वयम्‌ जिम्मेवार छ
गति हेरेर शक्ति नटार
उर्जा यसमा अपार छ

बाङ्गिन्छ तर छोड्दिनँ बाटो,
साथ मेरो किनार छ
फोहोर हाइन उद्दार गर
यही मेरो पुकार छ

कर्मयोगमा मग्न यो नदी
लक्ष्य नै पूर्णविराम छ
फोहोर हाइन उद्दार गर
यही मेरो पुकार छ

# मुक्तक



**✍श्रेया तिमिल्सिना**

सधैं न्यानो बनाइ दिन्यौं ऊन भको भए
रातलाइ पनि चम्काई दिन्यौं जुन भको भए
काहीं कतै गल्ती भए भनी देऊ है प्यारा
समयमै सच्याउने छु बैगुन भको भए

मकवानपुर बहुमुखी क्याम्पस

## शिक्षक आवश्यकता

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०५)*

बागमती गाउँपालिका झुरझुरे मकवानपुरको मिति २०८१/०७/२७ को च.नं. ६८९ प्राप्त गाउँपालिका अनुदान शिक्षाक पदपूर्तिका लागि अनुमतिपत्र अनुसार र यस विद्यालयको मिति २०८१/०८/०५ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार यस विद्यालयमा निम्न माध्यमिक विद्यालय तहको अंग्रेजी विषयको गाउँपालिका अनुदान कोटामा खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वक दरखास्त पेश गर्नु हुन यो सुचना प्रकाशित गरिन्छ।

**तपसील**
**विज्ञापन नं. : ०१/२०८१/०८२**
तह : निमावि अंग्रेजी
संख्या : १ (एक)
दरबन्दी प्रकारः गाउँपालिका अनुदान कोटा
नियुक्तिको प्रकार : करार
योग्यता : मुख्य विषय अंग्रेजी लिई +२ वा सो सरह गरेको।
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
तलबभत्ताः स्थानीय सरकारले तोके बमोजिम
निवेदन दस्तुरः २,०००/-
परीक्षाको किसिमः लिखित र अन्तरवार्ता
दरखास्त दिने अन्तिम मितिः २०८१ मंसीर १९ गते
दरखास्त बुझाउने स्थानः श्री चौरा आधारभूत विद्यालय

**आवश्यक कागजातहरु**
शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २/२ थान
नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २/२ थान
हस्तलिखित निवेदन २/२ थान फाईलिङ हुनुपर्ने
अध्ययन अनुमति पत्रको प्रतिलिपि २/२ थान (अनिवार्य नरहेको)

**थप जानकारीका लागिः** ९८४९६८२९८२ प्रअ, ९८६५४१२७५८ अध्यक्ष

**प्रधानाध्यापक**
**श्री चौरा आधारभूत विद्यालय**
**बागमती-७, पाथिभरा**

## शिक्षक आवश्यकता

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०५)*

हेटौंडा उपमहानगरपालिकाको मिति २०८१।०८।०४ गतेको च.नं. २४६ को प्राप्त विज्ञापन अनुमतिपत्र अनुसार यस विद्यालयमा रिक्त रहेको तपशिलको शिक्षक पदमा पदपूर्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वक दरखास्त आव्हान गरिन्छ।

**तपशील**
**विज्ञापन नम्बर : ०२/२०८१/०८२**
पद : शिक्षक
पद सङ्ख्या : १ (एक)
तह : मावि (अनुदान)
विषय : विज्ञान
नियुक्तिको प्रकार : करार
शैक्षिक योग्यता : विज्ञान मूल विषय लिई स्नातक तह उत्तीर्ण गरेको।
तलब भत्ता : नेपाल सरकारको नियमानुसार।
उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
दरखास्त दस्तुर : १,५००/-
दरखास्त दिने अन्तिम मिति : २०८१।०८।१९ गते कार्यालय समय भित्र
सम्पर्क मिति २०८१/०८/२० गते
परीक्षा हुने मिति : सम्पर्क मितिमा तोकिने छ।
परीक्षाको किसिम : लिखित र अन्तरवार्ता।

**आवश्यक कागजातहरु-**
नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २ प्रति
अध्यापन अनुमतिपत्रको प्रमाणपत्रको प्रतिलिपि २ प्रति
शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २ प्रति

**पुनश्चः** रित नपुगेको र म्याद नाघेर आएको दरखास्त स्विकृत गरिने छैन। शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवारबाट सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आवेदन पेश हुन आएमा त्यस्तो उम्मेदवारलाई सिधै नियुक्ति दिइने जानकारीका लागि अनुरोध गरिन्छ।
व्यक्तिगत विवरणसहितको निवेदनसाथ सम्पूर्ण कागजात समावेश गरी विद्यालयमै आएर आवेदन दस्तुर नगदै वा श्री भृकुटी माध्यमिक विद्यालयको नाममा रहेको नेपाल बैंक हेटौंडा शाखाको खाता नं. ०२५००१००४४०८५३०००००१ मा आवेदन दस्तुर दाखिला गरेको भौचर समावेश गर्नुपर्नेछ।

सम्पर्कः वि.व्य.स अध्यक्ष ९८११२८६१११, प्र.अ.-९८५५०७०५०६

**प्रधानाध्यापक**
**श्री भृकुटी माध्यमिक विद्यालय**
**हेटौंडा-१४, उत्तरपानी**

## राक्सिराङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर

राक्सिराङ्ग गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को नियम ५ सँग सम्बन्धित प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सुनुवाइको सूचना

*(प्रकाशित मिति २०८१/०८/०५)*

मकवानपुर जिल्ला, राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चैनपुर, मकवानपुर, बागमती प्रदेश, नेपालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गाउँ कार्यपालिकाको कार्यालय, राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर सम्पर्क नं. ९८५५०७६६४०, इमेलः raksirang.rmc@gmail.com |
| प्रस्तावको व्यहोरा | • गिङ्खु राक्सिराङ्ग टोडके भिम्बुङ्ग पर्यटन सडक (चेनेज ०+००० देखि १९+७२६.६५) को प्रारम्भिक वातावरणीय अध्ययन कार्य<br>• राक्सिराङ्ग गाउँपालिकाका विभिन्न वडाका बस्तीहरु जोडने पर्यटन मार्ग निर्माण गर्ने |
| प्रभाव पर्न सक्ने स्थान/वडा | राक्सिराङ्ग गाउँपालिका ४, ७, ८ र ९ वडाहरु |

माथि उल्लेखित प्रस्ताव कार्यान्वयनबाट आयोजना क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणालीहरुमा के कस्तो प्रभाव पर्दछ भनी यकीन गर्न प्रस्तावकले प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination–IEE) अध्ययन प्रतिवेदन तयार गर्नुपरेकाले उक्त प्रतिवेदन तयारीको सिलसिलामा आयोजना कार्यान्वयनबाट प्रभावित हुने स्थानीय समुदाय तथा समूहको प्रतिनिधी, लक्षित वर्ग तथा समुदाय, सम्बन्धित वडाका वडाध्यक्ष वा वडा समितिका सदस्यहरु, गाउँपालिका अध्यक्ष प्रतिनिधि तथा सम्बन्धित कर्मचारीहरु, नागरिक समाज, समुदायमा आधारित समाज तथा मिडियाका प्रतिनिधी, वन उपभोक्ता समूहका प्रतिनिधीहरु समेतलाई सहभागी गराई सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकाले यस प्रस्तावसँग सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरुलाई निम्न स्थान, मिति र समयमा उपस्थित हुनुहुन अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**
**स्थानः गाउँ कार्यपालिकाको कार्यलय, राक्सिराङ्ग गाउँपालिका, चैनपुर मकवानपुर, बागमती प्रदेश नेपाल**
**मितिः २०८१/०८/२० गते**
**समयः बिहानको ११ बजे।**

**प्रमुख प्रशासकीय अधिकृत**

बागमती प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
हेटौंडा, नेपाल

## सेवा करारमा लिने सम्बन्धि सूचना

*(प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०८/०५)*

यस मन्त्रालय र अन्तर्गतका काठमाण्डौ उपत्यका बाहेकका अन्य जिल्ला स्थित विभिन्न योजना/आयोजनाहरुका लागि देहाय बमोजिमका सेवा, समुह र उपसमूह र संख्यामा देहाय बमोजिमको योग्यता भएका प्राविधिक कर्मचारी सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस मन्त्रालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. बिज्ञापन नं. र सेवा सम्बन्धी विवरणः**

| विज्ञापन नं | पद | तह | सेवा | समुह | उपसमूह | माग संख्या | कार्यक्षेत्र |
|---|---|---|---|---|---|---|---|
| क./प्रा. /सि.-०१/०८१/८२ | सब इन्जिनियर | पाचौं | इन्जि. | सिभिल | बि.एण्ड आर्क. | १ | धादिंग जिल्ला (रुबी भ्याली लगायत जिल्लाको विभिन्न स्थान) |
| क./प्रा. /सि.-०२/०८१/८२ | असि-सब इन्जिनियर | चौथो | इन्जि. | सिभिल | बि.एण्ड आर्क. | १ | सिन्धुली र रामेछाप जिल्ला |

**२. आवश्यक न्युनतम शैक्षिक योग्यताः**
क. सब इन्जिनियर पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सेवा समुहसँग सम्बन्धित सिभिल इन्जिनियरिङ्ग बिषयमा प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।
ख. असिस्टेन्ट सब इन्जिनियर पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित बिषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित बिषयमा टि. एस.एल.सि. उतिर्ण।
३. परीक्षाको किसिमः शैक्षिक योग्यता, पुर्व कार्य अनुभवको मुल्यांकन तथा अन्तरवार्ता।
४. दरखास्त फारम पाइने स्थानः दरखास्त फारम मन्त्रालयको वेबसाइट http://mopid.bagamati.gov.np/ बाट प्राप्त गर्न सकिनेछ।
५. दरखास्त दिने अन्तिम मितिः २०८१/०८/११ गते कार्यालय समयसम्म र दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समयभित्र बुझाउन सकिनेछ।
६. उम्मेदवारको उमेरको हदः दरखास्त दिने अन्तिम मितिसम्म चौथो तथा पाचौं तहको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने। महिला उम्मेदवारको हकमा उमेरको पछिल्लो हद ४० वर्ष ननाघेको हुनुपर्नेछ।
७. अन्तरर्वाता हुने मिति तथा स्थानः मन्त्रालयको वेवसाइट तथा सूचना पाटीमा प्रकाशन गरिनेछ।
८. तलब सुबिधाः सम्बन्धित पद/तहले पाउने प्रदेश सरकारको प्रचलित कानुन बमोजिम हुने।

**९. दरखास्तसाथ उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ख) शैक्षिक योग्यताको लब्धाङ्कपत्रको प्रतिलिपि,
(ग) शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
(घ) शैक्षिक योग्यताको समकक्षता आवश्यक हुनेको हकमा सो निर्धारण भएको कागजातको प्रतिलिपि,
(ङ) कार्य अनुभव (यदि भएमा) को सम्बन्धित निकायबाट जारि भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

**द्रष्टव्यः**
(क) तोकिएको म्यादभित्र पेश नभएको वा न्युनतम योग्यता नपुगेको वा दरखास्तसाथ पेश गर्नुपर्ने कागजात संलग्न नगरेको वा तोकिएको अन्य विवरण नखुलेको दरखास्त स्वीकृत गरिने छैन।
(ख) अन्तरवार्ता हुने दिन उम्मेदवारले दरखास्तसाथ पेश गरेका कागजातको सक्कलै प्रति साथमा लिई अन्तर्वार्ताको लागि तोकिएको समयभन्दा १(एक) घण्टा अगावै तोकिएको स्थानमा उपस्थित भई सबै सक्कल कागजात पेश गरी रुजु गराउनुपर्नेछ।
(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफुले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।
(घ) उम्मेदवारले यस सम्बन्धमा थप कुनै कुरा बुझ्नु परेमा मन्त्रालयको प्रशासन महाशाखा (टेलिफोन नं. ०५७-५२५१७४) मा सम्पर्क गरी बुझ्न सकिनेछ। साथै यस विज्ञापनका सम्बन्धमा जारी हुने थप सूचना तथा संशोधन सम्बन्धी जानकारी तथा सुचनाहरु मन्त्रालयको सूचना पाटी तथा मन्त्रालयको वेबसाइटमा राखिने भएकोले दरखास्त दिने उम्मेदवारले नियमित रुपमा वेबसाइट हेर्नुहुन जानकारी गराईन्छ।

# सञ्जिवले जिते हेटौंडा रनको उपाधि



*हेटौंडा रनका उपाधि विजेता सञ्जिव मिजारलाई पुरस्कार हस्तान्तरण गर्नुहुँदै प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम, साथमा नगर खेलकुद विकास समितिका अध्यक्ष रविन्द्रप्रसाद घिमिरे ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१४ का सञ्जिव मिजारले हेटौंडा रनको उपाधि जितेका छन् । नगर खेलकुद विकास समितिको आयोजनामा मंगलबार हेटौंडा-१० स्थित बुद्धचोकबाट सुरु भएको तेस्रो संस्करणको हेटौंडा रनको निर्धारित ५ किलोमिटरको दुरी मिजारले २० मिनेट २८ सेकेन्ड ९ मिलिसेकेन्डमा मिजारले पूरा गरे । हेटौंडा-५ का निशल तितुङले २० मिनेट ४२ सेकेन्ड ७२ मिलिसेकण्डमा निर्धारित दुरी पार गरे भने हेटौंडा-१८ का अभिशेक रोक्काले २० मिनेट ५१ सेकेन्ड ९२ मिलिसेकेण्डमा निर्धारित दुरी पूरा गर्दै तृतीय भएका छन् ।

हेटौंडा-१८ कै मनिष गोपालीले २१ मिनेट २० सेकेन्ड २७ मिलिसेकेन्डमा निर्धारित दुरी पूरा गरेर चौथो हुँदा हेटौंडा-१४ का अमृत सुनारले २१ मिनेट २७ सेकेन्ड ४० मिलिसेकेन्डमा निर्धारित दुरी पूरा गरेर पाँचौं भएका छन् । हेटौंडा-१८ की महिला प्रतियोगी रुवि भ्लुनले ३३ मिनेट २० सेकेन्ड १५ पलमा निर्धारित दुरी पूरा गरेकी छिन् । प्रतियोगिताको उपाधि विजेता मिजारले २५ हजार रुपैयाँ नगद र उपविजेता निशल तितुङले १५ हजार रुपैयाँ नगदसहित प्रमाणपत्र प्राप्त गरेका छन् । यस्तै तृतीय भएका रोक्काले १० हजार रुपैयाँ र चौथो भएका गोपालीले ५ हजार नगदसहित प्रमाणपत्र प्राप्त गरेका छन् । पाँचौं भएका सुनारले ३ हजार रुपैयाँ र प्रमाणपत्र प्राप्त गर्दा महिला प्रतियोगी भ्लुनले प्रोत्साहनस्वरुप २ हजार रुपैयाँ प्राप्त गरेका छन् ।

प्रतियोगितामा २५ जना खेलाडीहरुको सहभागिता रहेको थियो । बुद्धचोकबाट दौड सुरु गरेर भैरवरोड, लक्ष्मी आधारभूत विद्यालय, सूर्य चोक, बुद्धपथ, थाहाचोक, शितलमहलचोक, ओमभवन हुँदै पुनः बुद्धचोकमा पुगेर ५ किलोमिटरको दुरी पुरा भएको थियो । नगर खेलकुद विकास समितिका अध्यक्ष रविन्द्र प्रसाद घिमिरेको सभाध्यक्षमा तथा हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह भएको हो । पुरस्कार वितरण समारोहमा मकवानपुर जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइराला, नगर खेलकुदका सदस्य सचिव हरिचन्द्र सापकोटा, सदस्य सुनिल लोप्चन, विजय गौतम, उसु प्रशिक्षक विमल थापा मगर लगायतको उपस्थिति रहेको थियो ।

गत वर्ष खुला प्रतियोगिता आयोजना गरेको नगर खेलकुद विकास समितिले यस वर्ष भने नगरस्तरीय रन प्रतियोगिता आयोजना गरेर पुरस्कार राशि घटाएको छ । प्रतियोगितामा नेपाल एथ्लेटिक्स संघ मकवानपुर जिल्ला अध्यक्ष प्रभाकर पाण्डे, राष्ट्रिय निर्णायक राजाराम पोखरेल, संघका सदस्य विनोद श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

# मकवानपुर क्याम्पसका विद्यार्थीलाई आय र अनुभवसँग जोडिँदै



*विद्यार्थीलाई आय र अनुभवसँग जोड्ने विषयमा छलफलमा सहभागी ।*

समाज संवाददाता

हेटौंडाः वाणिज्य संकायमा स्नातक तह अध्ययनरत विद्यार्थीलाई आय र अनुभवसँग जोड्ने गरी मकवानपुर बहुमुखी क्याम्पसले जिल्लामा रहेका सहकारीमा प्रशिक्षार्थीको रुपमा परिचालन गर्ने भएको छ । जिल्ला बचत तथा ऋण सहकारी संघसँगको सहकार्यमा मकवानपुर बहुमुखी क्याम्पसले विद्यार्थीलाई आय र अनुभवसँग जोड्ने तयारी गरेको हो ।

मंगलबार जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठ, सचिव वीरेन्द्रप्रसाद ढुंगाना, सदस्य जानकी चौधरी र व्यवस्थापक सुमित्रा वाईबा सम्मिलित समूहसँग क्याम्पस प्रमुख डा. यमबहादुर सिलवाल, सहायक क्याम्पस प्रमुखहरु संगम चौलागाई, दिनेश विडारी, उत्तम अर्याल र प्राचार्य सन्देश विडारी, सहायक प्राध्यापक सुरेश श्रेष्ठ, पुस्तकालयका प्रमुख मोहनप्रसाद ढकाल सम्मिलित समूहले छलफल गरेको छ । मंगलबार मकवानपुर बहुमुखी क्याम्पसमै भएको प्रारम्भिक चरणको छलफलमा संघ र क्याम्पसले सहकार्य गरेर विद्यार्थीलाई सिक्दै कमाउने अवसर सिर्जना गर्न दुबै पक्ष सहमत भएको हो । प्रशिक्षार्थीको रुपमा काम गर्दै गर्दा विद्यार्थीले निश्चित पारिश्रमिक समेत प्राप्त गर्ने गरी परि चालन गर्ने सहमति भएको छ ।

सहकार्यसम्बन्धी सम्झौता नै गरेर अगाडि बढ्ने सहमति भएको छ । स्नातक तह अध्ययनरत विद्यार्थीलाई सिकाई हुने र अध्ययनसँगै केही आम्दानी पनि हुने अवसर सिर्जना गर्दै गर्दा विद्यार्थीलाई देशमै बसेर काम गर्न सकिने वातावरण बनाउन पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ । मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. यमबहादुर सिलवालले समुदायमा रहेका सामुदायिक, निजी संघ, संस्थासँगको सहकार्यमा विद्यार्थीलाई आयआर्जन र व्यवहारिक शिक्षा प्रदान गर्न क्याम्पसले अन्य निकायसँग पनि सहकार्य गर्ने बताउनुभयो ।

क्याम्पसले आफ्नै प्रशासिन एवम् शैक्षिक क्रियाकलापमा समेत कर्मचारीको अनिवार्य अवकासपछि रिक्त रहेको स्थानमा विद्यार्थीलाई प्रशिक्षार्थीको रुपमा परिचालन गरेर गुणात्मक काम लिनुका साथै आर्थिक भार पनि कम गर्दै लगेको जानकारी दिनुभयो । सहकारीको क्षेत्रमा आवश्यक अध्ययन, अनुसन्धान गर्न पनि विद्यार्थी परिचालन गर्न सकिने उहाँको भनाइ थियो । क्याम्पसले विद्यार्थीलाई शिक्षासँगै रोजगारीको अवसर समेत सिर्जना गर्ने गरी सरोकारवालासँग औपचारिकरुपमै सहकार्य गरेर अगाडि बढ्ने क्रममा अन्य निकायसँग पनि आवश्यक सहकार्य गर्ने क्याम्पस प्रमुख सिलवालले बताउनुभएको छ ।

यस्तै जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठले क्याम्पससँग औपचारिक सम्झौता नै गरेर सहकार्य गर्ने बताउनुभयो । संघका सचिव वीरेन्द्र ढुंगानाले दक्ष जनशक्ति तयार पार्न पनि क्याम्पस र संघबीचको सहकार्य उपलब्धीमूलक हुने अपेक्षा व्यक्त गर्नुभएको छ । सहकारीमा विद्यार्थीलाई परिचालन गर्नुअघि एक साताको प्रारम्भिक प्रशिक्षण प्रदान गरिनेछ ।

# इन्द्रसरोवरमा मंसीर १८ देखि राष्ट्रपति रनिङ शिल्ड

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा अन्तरविद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुने भएको छ । मंसीर १८ गतेदेखि २० गतेसम्म प्रतियोगिता हुनेछ । प्रतियोगिता आयोजनाका लागि गाउँपालिकाले ७ लाख रुपैयाँ बजेट छुट्याएको प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामाले जानकारी दिनुभएको छ । गाउँपालिकाको शिक्षा समितिको बैठकले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना गर्ने निर्णय गरेको उहाँले बताउनुभयो ।

शिक्षा समितिको बैठकको निर्णयपछि गाउँ कार्यपालिकाले अनुमोदन गरेर प्रतियोगिताको मिति तय गरेको उहाँले बताउनुभयो । बुधबार गाउँपालिकाले एक सूचना जारी गर्दै पालिका भित्रका विद्यालयका विद्यार्थीलाई प्रतियोगितामा सहभागी गराउनका लागि अनुरोध गरिएको छ । गाउँपालिका भित्रका सबै विद्यालयलाई प्रतियोगिताको बारेमा सूचना दिइसकेको उहाँले बताउनुभयो । गाउँपालिकामा रहेको २१ वटा विद्यालयहरुबाट ६ वटा माध्यमिक तहका विद्यालयका विद्यार्थीले मात्र प्रतियोगितामा सहभागिता जनाउन पाउने उहाँले बताउनुभएको छ । प्रतियोगिता इन्द्रसरोवर-२ स्थित हेभीचौरमा हुनेछ ।

## नागस्वती भेट्रान्स फुटबल सुरु

# उद्घाटन खेलमा आयोजकको जीत

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७ स्थित नागस्वती भेट्रान्स क्लबको आयोजनामा तेस्रो संस्करणको नागस्वती भेट्रान्स फुटबल प्रतियोगिता सुरु भएको छ । मंगलबार हेटौंडा-७, नागस्वतीस्थित नवज्योति माध्यमिक विद्यालयको खेलमैदानमा सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा आयोजक नागस्वती भेट्रान्स क्लबले जीत निकालेको छ । नवजनजागृति भेट्रान्स क्लबलाई आयोजक नागस्वती भेट्रान्स 'ए' ले ४-१ गोलअन्तरले हराएको हो ।

आयोजकको जीतमा डेविन श्रेष्ठले ह्याट्रिक पूरा गरे । म्यान अफ द म्याच डेविन श्रेष्ठ नै घोषित भए । यस्तै मंगलबार नै भएको दोस्रो खेलमा हेटौंडा भेट्रान्सले सुखद् सुरुवात गरेको छ । चितवन जिल्लाको पश्चिम चितवन भेट्रान्स क्लबलाई २-० गोलअन्तरले हराउँदै हेटौंडा भेट्रान्सले सुखद् सुरुवात गरेको हो । हेटौंडा भेट्रान्सको जीतमा सुविन घिमिरेले पेनाल्टी मार्फत १ गोल गरे भने रितेश थापा मगरले १ गोल गरे । म्यान अफ द म्याच हेटौंडा भेट्रान्सका रितेश थापा घोषित भए ।

यस्तै मंगलबारको अन्तिम खेलमा चितवन भेट्रान्सले निजगढ भेट्रान्सलाई पराजित गरेको छ । चितवन भेट्रान्सले निजगढ भेट्रान्सलाई २-१ गोलअन्तरले पराजित गरेको हो । चितवनको जीतमा विष्णु दराई र सुरेन्द्र चौधरीले समान १/१ गोल गरे । म्यान अफ द म्याच चितवन भेट्रान्सका विष्णु दराई घोषित भए । प्रतियोगितामा १५ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल मंसीर ८ गते हुनेछ । नागस्वती भेट्रान्स क्लबका अध्यक्ष सोम बहादुर तितुङको अध्यक्षता तथा वडाध्यक्ष दामोदर गौतमको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन कार्यक्रम भएको थियो ।

प्रतियोगितामा ४० वर्ष पूरा भएका भेट्रान्स खेलाडीहरुको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेताले २ लाख १ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले १ लाख १ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ ।

# बुलेटको ठक्करबाट प्रजाको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका-३, फिस्लिङमा भारतीय ग्यास बुलेटले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा गोरखा जिल्लाको गण्डकी गाउँपालिका-६ का ४५ वर्षीया सीता प्रजा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सोमबार दिउँसो १२ बजेर २५ मिनेटको समयमा पृथ्वी राजमार्ग सडकखण्डमा बनेपातर्फ जाँदै गरेको एन एल ०१ एन ०२८० नम्बरको भारतीय ग्यास बुलेटले ठक्कर दिँदा प्रजाको घटनास्थलमै मृत्यु भएको थियो ।

बुलेट चालक भारतको बिहार प्रदेशका ६२ वर्षीय मोहम्मद मतिनलाई इलाका प्रहरी कार्यालय मुग्लिङले नियन्त्रणमा लिएको छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

हार्दिक आभार




मिति २०८१ मंसिर ३ गते सोमबार सम्पन्न **दोस्रो चैनपुर जेसीज मनहरी कप खुला फुटबल प्रतियोगिता-२०८१** को विजेता जेसीआई मकवानपुरगढी, उपविजेता एफसी परेलीसहित सहभागी सम्पूर्ण फुटबल टिम, मनहरी गाउँपालिका, वडा कार्यालय, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी वर्ग, नेपाल जेसीजका राष्ट्रिय अध्यक्ष, मनहरीवासी, विभिन्न संघ, संस्था, फुटबल खेलका निर्णायक, रेफ्री, सहायक रेफ्री, खेलप्रेमी जनसमुदाय, चैनपुर जेसीज मनहरीका पदाधिकारी, सदस्य, शुभेच्छुक, सुरक्षाकर्मी, सञ्चारकर्मी, सहयोगी सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दै युवाको संस्था चैनपुर जेसीज मनहरीले आगामी दिनमाअ आयोजना गर्ने कार्यक्रमहरुमा पनि साथ, सहयोग रहने अपेक्षासहित धन्यवाद ज्ञापन गर्दछौं ।

जेसी रविन ढकाल, अध्यक्ष

एवम् चैनपुर जेसीज मनहरी परिवार

मनहरी, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ